२.६.१ क्षेत्राधिकार........................................ १३

२.६.२ अधिकार क्षेत्रको प्रयोग........................................१४

२.६.३ न्याय सम्पादन प्रक्रिया ........................................ १६

**परिच्छेद—३ बार्षिक प्रगति विवरण**........................................१८

३.१ न्यायिक समिति सम्बन्धी व्यवस्था ........................................१८

३.२ सम्पादित क्रियाललापहरु........................................१८

३.३ न्यायिक समितिको बैठक व्यवस्थापन........................................१९

३.४ नगरपालिकाका कानूनहरुको विवरण........................................ २१

३.५ अनुगमन सम्बन्धी व्यवस्था : ........................................ २३

३.६ मुख्य उपलब्धी........................................ २३

३.७ स्थानीयतहमा न्यायिक समिति : अवसर........................................ २४

३.८ स्थानीयतहमा न्यायिक समिति : चुनौती........................................ २५

३.९ सूझाव ........................................ २५

३.१० न्यायिक समिति र अपेक्षा........................................ २६

अर्ध वार्षिक प्रतिवेदन २०७८/७९

| दर्ता नं. | कानुनको नाम (ऐन, नियम, कार्यविधि निर्देशिका मापदण्ड) | कैफियत |
|---|---|---|
| ११ | बिपद् व्यवस्थापन बिशेष कोष संचालन निर्देशिका, २०७५ | संशोधन सहित |
| १२ | मर्मत सम्भार कोष संचालन निर्देशिका, २०७५ | |
| १३ | योजना संचालन सम्बन्धी कार्यविधि, २०७४ | |
| १४ | उपभोक्ता समिति गठन, पचिालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधि २०७४ | |
| १५ | भवन तथा बस्ती विकास शहरी योजना निर्माण सम्बन्धी मापदण्ड, २०७५ | |
| १६ | शिक्षा नियमावली, २०७५ | |
| १७ | नगरपालिकाको सहकारी ऐन, २०७५ | |
| १८ | एकीकृत सम्पत्ति कर व्यवस्थापन कार्यविधि, २०७५ | |
| १९ | अपाङ्गता भएका व्यक्तिको परिचय पत्र वितरण कार्यविधि, २०७५ | |
| २० | घर नक्शा पास कार्यविधि, २०७५ | |
| २१ | जलस्रोत उपयोग सम्बन्धी कार्यविधि, २०७५ | |
| २२ | सरसफाई तथा फोहर मैला व्यवस्थापन कार्यविधि, २०७५ | |
| २३ | उर्जा विकास सम्बन्धी कार्यविधि, २०७५ | |
| २४ | व्यवसाय दर्ता तथा नवीकरण सम्बन्धी कार्यविधि, २०७५ | |
| २५ | साना सिंचाई बिशेष कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७५ | |
| २६ | नगर शिक्षा विकास कोष संचालन कार्यविधि, २०७५ | |
| २७ | बाल शिक्ष विकास केन्द्र संचालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधि, २०७५ | |
| २८ | नगर बस संचालन तथा व्यवस्थापन कार्यविधि, २०७५ | |
| २९ | "घ" वर्गको निर्माण व्यवसायी इजाजत पत्र सम्बन्धी कार्यविधि, २०७६ | |
| ३० | स्रोत व्यक्ति व्यवस्थापन सम्बन्धी कार्यविधि २०७६ | |
| ३१ | जेष्ठ नागरिक परिचय पत्र वितरण सम्बन्धी कार्यविधि २०७६ | |
| ३२ | मेसिनरी औजार संचालन सम्बन्धी कार्यविधि २०७६ | |
| ३३ | आधारभूत तहको बार्षिक परीक्षा संचालन व्यवस्थापन तथा नियमन कार्यविधि २०७६ | |
| ३४ | बाढी पीडित परिचय पत्र वितरण निर्देशिका २०७६ | |
| ३५ | असंगठीत क्षेत्रमा कार्यरत श्रमिक तथा असहायहरुलाइ उपलब्ध गराउने राहत सम्बन्धी मापदण्ड २०७६ | |
| ३६ | लक्षित वर्ग कार्यक्रम कार्यान्वयन निर्देशिका २०७७ | |
| ३७ | आर्थिक ऐन २०७७ | |
| ३८ | विनियोजन ऐन २०७७ | |

## ३.५ अनुगमन सम्बन्धी व्यवस्था :

न्याय प्रशासन ऐन, २०७३ को दफा २१ तथा जिल्ला अदालत नियमावली, २०७५ को नियम ९४ बमोजिम सम्मानित जिल्ला अदालत दार्चुलाबाट मिति २०७७।३।२८ अनुगमन भइ आवश्यक सुझाव समेत अनुगमन प्रतिवेदन प्राप्त भएकोछ सो अनुगमन प्रतिवेदन अनुसिचमा संलग्न रहेकोछ ।

## ३.६ मुख्य उपलब्धी

- दैनिक प्रशासनिक तथा नियमित कार्यहरु सफलता पुर्वक सम्पादन गरिनु,
- न्यायिक समितिका ९ वटा बैठक संचालन भई न्यायिक समिति समक्ष पेश भएका विभिन्न १३ वटा उजुरी सम्वन्धी छलफल गरी आवश्यक कार्वाही गरिएको ९ वटा उजुरी फर्छ्यौट भइ लगत कट्टा भएको।
- अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय, कन्चनपुरवाट नगरपालिकाको वडा नं. ९ दत्तुमा दत्तु थाप्ला मालिकार्जुन सडकमा अनियमितता भएको सम्वन्धमा छानविन गरीप्रतिवेदन पेश गर्ने उजुरी संग सम्बन्धित प्रमाण जुटाई फछ्यौट गराउने प्रक्रियामा रहेकोछ।
- आ.ब. २०७५/०७६ अवधिमा दर्ता भई फछ्यौटको लागि सरि आएका ४ वटा उजुरी र आ.ब. २०७६/०७७ मा न्यायिक समिति समक्ष पेश भएका उजुरी कुल संख्या ९ वाटा गरी जम्मा उजुरी संख्या १३ वटा उजुरीका सम्वन्धमा नियमाअनुसार कार्वाहि गर्ने प्रक्रिया व्यवस्थित गरिएको छ ।
- नगरपालिकाका वितिन्न समितिहरुको बैठकमा कानुनि परामर्श सहित विभिन्न मितिमा संचालन भएका बैठकहरुमा सहभागि भई सहजीकरण गरिएकोछ ।
- कार्यपालिका बैठक संचालन संचालन गर्न आवश्यक व्यवस्थापकीय प्रबन्ध मिलाउन नियमित सहयोग गरीएकोछ ।
- गरीब धरपरिवार पहिचान तथा परिचय पत्र वितरण कार्यक्रम कार्यान्वयन प्रक्रिया अन्तरगत व्यवस्थापकीय सहयोग गरिएकोछ,
- न्यायिक समिति(कार्यविधि) ऐन, २०७५ बमोजिम न्यायिक समितको सचिवालय व्यवस्थापन गर्न कानुनी ईकाई व्यवस्थापन गरिएकोछ । सो कार्यविधिहरुको मस्यौदा तयार गरी विधेयक समिति मार्फत प्रक्रिया अनुसार कानुनको रुपमा प्रमाणिकरण गराई कार्यान्वयनमा गरीएकोछ ।
    - जेष्ठ नागरिक परिचय वितरण सम्बन्धी कार्यविधि, २०७६
    - मेसिनरी औजार संचालन सम्बन्धी कार्यविधि, २०७६
    - आधारभूत तहको बार्षिक परीक्षा संचालन व्यवस्थापन तथा नियमन कार्यविधि, २०७६

# अनुसुचि १

दार्चुला जिल्ला अदालतका माननीय जिल्ला न्यायाधीश श्री गिरिराज गौतमबाट
महाकाली नगरपालिकाको कार्यालय, खलंगा दार्चुलामा भएको
निरीक्षण/निर्देशन

न्याय प्रशासन ऐन, २०७३ को दफा २१ तथा जिल्ला अदालत नियमावली २०७५ को नियम ९४ बमोजिम आज मिति २०७७/०३/२८ गते आईतबारका दिन यस महाकाली नगरपालिकाको कार्यालय खलंगा दार्चुलामा रहेको न्यायीक समितिको मुद्दा तर्फको काम कारवाही सम्वन्धि निरीक्षण गरियो ।

निरीक्षणका क्रममा यस महाकाली नगरपालिकाको कार्यालय खलंगा दार्चुलामा रहेको न्यायीक समितिको मुद्दा तर्फ भए गरेका काम तथा तत्सम्वन्धमा गर्नु पर्ने सुधारका सम्वन्धमा निम्नानुसार निर्देशन दिइएको छ।

१. यस न्यायीक समिति अन्तरगत यस आ.ब. २०७६।०७७ मा ९ थान निवेदन दर्ता हुन आएकोमा ७ वटा मिलापत्र भई फछ्र्यौट भई सकेको र २ वटा निवेदन समेत मिलापत्रको क्रममा रहेकोले उक्त निवेदन समेत फछ्र्यौट गर्ने तर्फ कृयाशिल रहनु होला।

२. निवेदनहरु दर्ता गर्दा छुट्टा छुट्टै फायलहरु बनाई दायरी किताबमा दर्ता गरी मिसिलमा दर्ता नम्बर समेत उल्लेख गर्ने गरेको पाईएकोले उक्त कार्यलाई निरन्तरता दिनु होला। साथै दायरी किताबमा फैसला वा मिलापत्र भएको मिति उल्लेख गरी लगत कट्टा गरेको नपाईएकोले फछ्र्यौट भई सकेका निवेदनहरुको लगत कट्टा गर्ने गर्नुहोला।

३. निवेदनहरु दर्ता गरी कार्यबिधिले तोके बमोजिमको दस्तुर लिई आम्दानी रसिद समेत मिसिल संलग्न राख्ने गरेकोले उक्त कार्यलाई निरन्तरता दिनु होला।

४. विचाराधिन निवेदनहरुमा मुद्दाका पक्ष तथा बिपक्षीहरुलाई तारेखमा राखेको नपाईएको र तारेख भरपाई समेत खडा गरेको नपाईएकोले आगामी दिनमा तारेख भरपाई खडा गरी पक्ष तथा बिपक्षीहरुलाई तारेखमा राखी तारेख भरपाई मिसिल सामेल गर्ने गर्नुहोला। साथै तारेख पर्चा मुद्दाका पक्षहरुलाई समेत दिने व्यवस्था गर्नुहोला।

५. तायदाती फाराम भरी मिसिल संलग्न राखेको नपाईएकोले निर्धारित ढाँचामा तायदाती फाराम तयार गरी तायदाती फाराम भरी मिसिलमा राख्ने गर्नुहोला।

६. बैठक उपस्थिति पुस्तिकामा नै निर्णय समेत गर्ने गरेको पाईएकोले आगामी दिनमा छुट्टै निर्णय पुस्तिका (राय किताब) बनाई सोही निर्णय पुस्तिकामा निर्णय (राय निर्णयको व्यहोरा) लेख्ने गर्नुहोला।

७. न्यायीक प्रकृया सम्बन्धी जानकारी लिन समय समयमा आवश्यक देखिएमा न्यायीक समितका संयोजक, सदस्य र कर्मचारीहरु अदालतको अवलोकन भ्रमण गराउने कार्य गरेमा त्यसले न्याय सम्पादनमा मद्दत पुग्ने हुन्छ।

निरीक्षणका क्रममा दिईएका निर्देशनहरु कार्यन्वयनका लागि यस नगरपालिकाका न्यायीक समितिका सदस्यहरु एवंम कर्मचारीहरु तथा सरोकारवालाहरु संग आवश्यक छलफल तथा परामर्स गरी कार्यान्वयन गर्ने तर्फ अग्रसर रहनुहोला।

अन्त्यमा निरीक्षण कार्यमा सहयोग गरिदिनु भएकोमा महाकाली नगरपालिकाका उप-प्रमुख तथा न्यायीक समिति संयोजक श्री सुना बोहरा, नि. प्रमुख प्रशासकिय अधिकृत श्री नर सिंह बडाल तथा न्यायीक समिति सदस्यहरु र उजुरी प्रशासक लगायत सम्पूर्ण कर्मचारीहरुलाई धन्यवाद दिन चाहन्छु।

गिरिराज गौतम
जिल्ला न्यायाधीश
दार्चुला जिल्ला अदालत

मितिः-२०७७/०३/२८